नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
श्रावण/भाद्र २०६७ (August 2010) वर्ष १४/अंक १६१

## सुसमाचार प्रचार – परमेश्वरको महान योजना

– पाष्टर एस. सोदेम्बा

***"आँशुको साथमा छर्नेहरूले आनन्दको गीत गाउँदै कटनी गर्नेछन् । जो रूँदै बिउ बोकेर छर्न जान्छ त्यो फसलका बिटाहरू बोकेर आनन्दले गीत गाउँदै फर्कनेछ ।" (भजनसंग्रह १२६:५-६)***

ख्रीष्टियानहरू एक ठाउँमा आराधनाको लागि जम्मा हुनु अति राम्रो कुरो हो । तर आराधना सेवा मात्र ख्रीष्टियानहरूको दायित्व होइन । प्रचार यात्रामा बाहिर जान पनि उत्तिकै जरूरी कुरो हो । सुसमाचार प्रचार प्रभुबाटको एक आदेश हो । हामी ख्रीष्टियानहरू सुसमाचार प्रचारमा सहभागी नभई हुँदै हुँदैन । यो अनिवार्य हो । मण्डलीमा आराधना सेवापछि सुसमाचार प्रचारलाई पहिलो प्राथमिकतामा राखिएको हुनुपर्छ । "जाओ र सारा जातिलाई सुसमाचार सुनाओ ।" चर्चले यो आदेशलाई कहिल्यै बिर्सनु भएन । सुसमाचार लिएर हामी जति धेरै बाहिर जान्छौं उति धेरै वृद्धि मण्डलीमा हुन्छ ।

हामी भजनसंग्रह १२६:५-६ लाई चार खण्डमा विभाजन गर्न सक्छौं ।

१. **परमेश्वरको योजनाको पहिलो कुरो 'जानु' हो ।** मण्डलीमा विभिन्न विभाग र समितिमा रहेर सेवा गर्न पनि सजिलै होला । मण्डलीमा व्यवस्थापन, कार्यकारिणीमा रहेर सेवा गर्न पनि सजिलै होला । कतिको लागि मण्डलीमा पैसा दिन पनि सजिलै होला । आफू नगएर अरूलाई पठाउनु पनि सजिलै होला । मण्डलीमा अरूले गरेको काममा जस् नदिनु पनि कतिलाई सजिलै लाग्ला तर सुसमाचार लिएर बाहिर जानु धेरैको लागि गाह्रो हुन सक्छ । तर जब चर्च जान थाल्छ तब चर्च बढ्न थाल्छ, यो ध्रुव सत्य हो ।

२. **परमेश्वरको योजनाको दोस्रो कुरो 'रूनु' हो ।** 'रूँदै ...रूँदै जानु' यहाँ रूनुको अर्थ हो । फिक्री गर्नु, वास्ता देखाउनु हो । धेरै जना बाहिर जाँदैनन् किनकि तिनीहरू वास्ता गर्दैनन् । धेरैलाई सुसमाचार सुनाउने कुरामा बोझ हुँदैन । समर्पित ख्रीष्टियानहरूलाई आत्मा बचाउने साँचो बोझ हुनु जरूरी छ ।
रोमी ९:१-३ पढौं जहाँ आत्मा बचाउने फिक्रीले पावलको हृदय छिया-छिया भएको थियो । त्यहाँ पावलको अन्तरवेदना भनेर शीर्षकमा नै उल्लेख गरिएको छ । पावल भन्छन् – मेरो हृदयमा असाध्यै शोक र मनमा अटूट वेदना छ ।"
के हामी पावल जस्ता भएका छौं र ? ओहो ! आज हामी पनि कतिको लागि रून सक्नुपर्छ । मर्दै गरेका आत्माहरूका लागि हृदयमा बोझ र आँखामा आँसु हुन जरूरी छ ।

३. **परमेश्वरको योजनाको तेस्रो कुरो बहुमूल्य 'बीउ' हो ।** लूका ८:११ अनुसार बिउ परमेश्वरको वचन हो ।
तपाईं हामी धेरैलाई थाहा छ - येशू र बीउ छर्नेको उखान (मत्ती १३:३-२३)
कति बीउ बाटोमा परे, कति बीउ ढुँगेनी जमीनमा परे, कति बीउ काँढाहरूको बीचमा परे, कति बीउ मात्र असल माटोमा परे र धेरै-धेरै कटनी भयो ।
हामी कस्तो बीउ कहाँ छर्दैछौं ? के हामी अरूलाई ख्रीष्टको बारेमा भन्दै छर्ने काम गर्दैछौं ? समर्पित ख्रीष्टियान जीवन जिउँदै के हामीले असल बीउ छर्दैछौं के ? ख्रीष्टियान पर्चा पुस्तक-पुतिस्का बिक्री वितरण गर्दै पनि वचन रूपी बीउ छर्न सक्छौं । अरू विभिन्न उपाय अपनाएर पनि बीउ छर्ने काम हामीबाट भइरहन सक्नुपर्छ ।

४. **परमेश्वरको योजनाको चौथो कुरो 'कटनी' गर्नु हो ।** बीउ छर्ने बेलाको धुलोमुलो, हिलो सबै तिनले बिर्सिसकेको हुन्छ । हाम्रा प्रचारकहरूले पनि अर्काको भनाइ, विरोध साना तिना सतावट सबै कटनीको दिनमा बिर्सिसकेको हुन्छ । कटनीको बेला आनन्द रमाहट मात्र उनीहरूले सम्झन्छन् । हालै एकै दिनमा जोरपाटी चर्चमा ४१ जनाको पानीको बप्तिस्मा सम्पन्न गर्न पाएको थियो । त्यो हाम्रो लागि ठूलो कटनीको दिन थियो । २०१० आत्मा बचाउने अभियानको वर्ष हो । यो वर्ष मिशन वर्ष भएकोले प्रत्येक शनिबारको वचन प्रचार पनि सुसमाचार प्रचारलाई नै मध्यनजर राख्दै २०१० को अन्त्यसम्म पनि यही विषयलाई निरन्तरता दिँदै जाने हामीले अठोट गरेका छौं ।

## जानकारी

१. आषाढ १८ गते/जुलाई ४ ता. शुक्रबार, नेपाली इसाई मण्डली ललितपुरमा गुर्जुधाराको १७ जना र ललितपुरको ६ जना गरी जम्मा २३ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२. आषाढ १९ गते/जुलाई ५ ता. शनिबार, नेपाली इसाई मण्डली ललितपुर मा ३१ जना विश्वासीहरूको समर्पण भयो ।

३. आषाढ २४ गते/जुलाई ८ ता. बिहीबार, नेपाली इसाई मण्डली गोंगबूँमा ९ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४. आषाढ २७ गते/जुलाई ११ ता. आइतबार नेपाली इसाई मण्डली ज्ञानेश्वरमा ३१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५. दशांश दिनुहुँदा मण्डलीले तयार गरेको खाम प्रयोग गर्नुभई खाममा आफ्नो नाउँ, ठेगाना, घरेलु संगति र तपाईंको दशांश नम्बर स्पष्टसँग बुझ्ने अक्षर मा अनिवार्य लेख्नुहुन अनुरोध गर्दछौं । यदि तपाईंले अन्य भेट जस्तैः निर्माण, मिशन, छात्रवृत्ति, सुसमाचारको लागि भेटी दिन चाहनुभएमा सम्बन्धित कोषमा चिन्ह लगाउनुहुन पनि अनुरोध गर्दछौं ।

## जानकारी



गोंगबूँ बस्नुहुने नेइम गोंगबूँको सदस्य **श्रीमती गोमाया गुरूङ्ग** ७८ वर्षको उमेर असार २९ गते/जुलाई १३ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

नेपाली इसाई मण्डली गोंगबूँको पत्राचार गर्ने ठेगाना

**NIM GONGABU CHURCH**
**G.P.O.9357**
**KATHAMANDU NEPAL**

## अगष्ट महिनाको कार्यक्रम

भाद्र १ गते/अगष्ट १७ ता. शुक्रबार **महिला प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै चर्चमा

## हार्दिक बधाई

नेइम ज्ञानेश्वरकी सदस्या श्रीमती भ्यालेन्टिना कार्थक नेपाल स्थित अन्मिनअन्तर्गत अन्मिन आर्म्स् मनिटर **(UNMIN ARMS MONITOR)** द्वारा अन्मिन सर्भिस अवार्ड **(UNMIN SERVICE AWARD)** ले विभुषित हुनुभएको छ । नेइम परिवार उहाँलाई बधाइ ज्ञापन गर्दछ ।

## प्रार्थनाका विषयहरू

१. देशको सबै क्षेत्रमा शान्ति, मिलाप समझदारी, सुधार र उन्नति आएको होस् भनी प्रार्थना गरौं ।

२. देशका मण्डलीहरूले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् साथै सुनाएका सुसमाचार बाँडिएका पर्चाद्वारा धेरै मानिसहरूले खीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।

३. मण्डलीअन्तर्गत भइरहेको सबै सेवा संगति, प्रार्थना सभा, बाइबल अध्ययन, पुरुष, महिला संगति, बाल संगति अनुगमन कक्षा साथै आराधना सेवामा आशिष मागौं ।

४. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, विभिन्न काम, अध्ययनको लागि जानुभएकाहरू र परिवारको लागि प्रार्थना गरिदिऔं ।

५. एक लाख जवान जित्ने दर्शन लिएका मण्डलीका जवानहरूले स्कूल, क्याम्पस, साथै काम गर्ने ठाउँहरूमा आ-आफ्नो साथीहरूलाई सुसमाचार सुनाउन सकून् ।

६. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र खीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरुप खीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

७. वर्षायामको समयमा विभिन्न ठाउँ–ठाउँमा बाढी पहिरो गएको कारण संकष्टमा परेकाहरूले जिउँदो र साँचो परमेश्वरलाई पुकार्न सकून् र हरेकले समयमा नै राहत पाउन सकून् ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान ८:०० र ११:०० | गोंगबूँ |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, गाम्छा, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ वानेश्वर |
| | आइतबार | बेलुकी ६:०० बजे | लिपिकोट |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ पनौती र सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला) |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |
| | शुक्रबार | बिहान ५:०० बजे | गोल्फुटार |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण २९ गते, अगष्ट १४ ता. | पा.सामुएल कार्थक पा.सामुएल कार्थक ए.दिनेश न्यौपान | श्रीमती रश्मिला तामाङ्ग | पाष्टर अशोक मुखिया | एल्डर सीता गुरूङ्ग | पाष्टर दफ्तन सादा | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर एस. सोदेम्बा | एल्डर जमान तामाङ्ग | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पासाङ्ग डे. शेर्पा | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ चर्च |
| भाद्र ५ गते, अगष्ट २१ ता. | एल्डर पासाङ्ग डे. शेर्पा | एल्डर जमान तामाङ्ग | श्री दान ब.अधिकारी | श्री दानिएल घले | एल्डर श्रीलक्ष्मी सैंजु | डीकन जनकलाल श्रेष्ठ | पाष्टर प्रेम श्रेष्ठ | एल्डर अष्ट श्रेष्ठ | संयुक्त सेवा जोरपाटी चर्च | संयुक्त सेवा जोरपाटी चर्च | डीकन जिल्बर्ट मिसो | श्री तीतस सापकोटा |
| भाद्र १२ गते, अगष्ट २८ ता. | ए.दिनेश न्यौपान ए.दिनेश न्यौपान पा.रोबर्ट कार्थक | एल्डर पूर्ण सुनुवार | डीकन बाघमान तामाङ्ग | पा. रोबर्ट कार्थक पा. राजेन्द्र रोगोंग | डीकन रूबेन श्रेष्ठ | ललितपुर चर्च | पाष्टर महेश थाँजु | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | पाष्टर एस. सोदेम्बा | डीकनेस् अमृता कार्थक | श्री तिर्थ रम्तेल |
| भाद्र १९ गते, सेप्टेम्बर ४ ता. | पा.रोबर्ट कार्थक पा.रोबर्ट कार्थक पा.सामुएल कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | एल्डर जमान तामाङ्ग | श्री दीप राई | पाष्टर एस. सोदेम्बा | एल्डर गोपी राई | पाष्टर बर्णबास श्रेष्ठ | डीकन छोदेन कार्थक |

## प्रार्थनाको अनुरोध

भाद्र ४-५ गते/अगष्ट २०-२१ तारिख हुने अगुवा अभिषेक र वचनको सेवकाईको लागि आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबा अभिषेक चर्च रजहर नवलपरासीमा जाँदै हुनुहुन्छ उहाँको साथमा पाष्टर अशोक मुखिया पनि जाँदै हुनुहुन्छ । उहाँहरू भाद्र ६ गते/अगष्ट ६ ता. काठमाडौं फर्कनुहुनेछ ।

## नव दम्पति परिवारलाई हार्दिक बधाई



असार २० गते/जुलाई ४ ता. आइतबार नेपाली इसाई मण्डली ललितपुरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती डिगम्बर र अन्जना थापा** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार २७ गते/जुलाई ११ ता. आइतबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती हरि राज र स्वस्तिका वाग्ले** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असार २७ गते/जुलाई ११ ता. आइतबार नेपाली इसाई मण्डली ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती रोशन र लिडिया राई** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण १० गते/जुलाई २६ ता. सोमबार नेपाली इसाई मण्डली ज्ञानेश्वरमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती अजय र बिनीता खडगी** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण १० गते/जुलाई २६ ता. सोमबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती मिथुन र आस्मा राना मगर** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



श्रावण १० गते/जुलाई २६ ता. सोमबार नेपाली इसाई मण्डली गोंगबूँमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान्/श्रीमती गोपाल र दीपा राना मगर** लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मिशनेरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री सुमन र श्रीमती रीना खड्गी परिवार (मुम्बई) श्री नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी) र डीकन अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत) उहाँहरूको सेवकाई र मण्डलीमा आशिष मागिदिऔं । आगामी दिनहरूमा मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा मण्डलीहरूमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूलाई पनि आफ्नो प्रार्थनामा निरन्तर उचालिराखौं ।

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२३** **8** नेपाल देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं । यहोशू १:६-९ | **३०** **15** नेपालमा रहेका सबै इसाईहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् । कलस्सी २:६-७ | **६** **22** नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् । फिलिप्पी २:१०-११ | **१३** **29** मण्डलीलाई अगुवाई गरिरहनुभएकाहरू एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् । भजनसंग्रह १०३:७ | “तर त्यो मानिस धन्यको हो, जसले परमप्रभुमा भरोसा राख्तछ, जसको आशा परमप्रभु हुनुहुन्छ । त्यो पानीको किनारमा रोपेको रूखजस्तो हुनेछ, जसले आफ्ना जराहरू खोलाका किनारसम्म फिँजाएको हुन्छ । गर्मी हुँदा त्यो डराउँदैन, त्यसका पातहरू सधैँ हरियै हुन्छन् । खडेरीको समयमा त्यसलाई केही चिन्ता हुँदैन, र त्यसले फल फलाउन कहिल्यै चुक्दैन ।” यर्मिया १७:७-८ |
| **सोमबार MONDAY** | **२४** **9** हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीका धेरैभन्दा धेरैले भाग लिन सकून् । यूहन्ना १४:१२-१४ | **३१** **16** भोलि हुने महिला उपवास प्रार्थनाद्वारा मण्डलीमा अझ धेरै आशिषमा आउन सकून् । गलाती ५:१३-२६ | **७** **23** प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं । मत्ती ७:२१-२३ | **१४** **30** हामी मण्डलीभित्र मात्र होइन तर बाहिर समाज, संसार साथै सबै क्षेत्रहरूमा पनि इमान्दारी हुँदै जान सकौं । रोमी १३:१-७ | |
| **मंगलबार TUESDAY** | **२५** **10** मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं । यूहन्ना १५:१६ | **१ भाद्र** **17** हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं । हिब्रू १३:२१ | **८** **24** दुःख, कष्ट, सतावटमा परेकाहरू अझै विश्वासमा दह्रिलो भई प्रभुमा स्थिर रहन सकून् । हिब्रू १२:१-३ | **१५** **31** भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं । यर्मिया ३१:४, ११ र १६ | |
| **बुधबार WEDNESDAY** | **२६** **11** घरेलु संगतिका क्षेत्रहरू अझै बढेर, फैलिएर जान सकून् र अगुवाई गर्नको लागि बोझ र दर्शन पाएका अगुवाहरू पनि तयार हुन सकून् । यशैया ५४:२-३ | **२** **18** आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् । रोमी १२:६-८ | **९** **25** प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं । २ तिमोथी ३:१४-१६ | **१६** **September 1** हामीलाई प्रभुले जुन उद्देश्यले चुन्नुभएको छ, सो उद्देश्यलाई हामी सबैले विश्वासयोग्यताका साथ पूरा गर्न सकौं । एफिसी १:११ | |
| **बिहीबार THURSDAY** | **२७** **12** मण्डलीका सबै विश्वासी परिवारहरूमा एकआपसमा प्रेम, एकता र मेल मिलाप सधैं भइरहन सकून् । कलस्सी ३:१२-१६ | **३** **19** मण्डलीका सबै बाल बालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरको प्रभुलाई थाहा गर्न सकून् । भजनसंग्रह ७१:६ | **१०** **26** मण्डलीका प्रत्येक जवानहरू आफ्नो जीवन प्रभुमा पूरा समर्पित भएर जिउन सकून् र परमेश्वरको निम्ति आफैलाई संसारको कुराबाट अलग राख्न सकून् । १ यूहन्ना २:१५-१७ | **१७** **2** प्रभु येशू ख्रीष्टमा भएकाहरू जीवनको सबै अवस्था र परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनेहरू हुन सकौं । हबकूक ३:१७-१९ | |
| **शुक्रबार FRIDAY** | **२८** **13** शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीको कार्यक्रम नभएर आत्मिक रुपमा बढ्दै जाने सेवा संगति हुन सकून् । मत्ती ६:१-४ | **४** **20** प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं । प्रस्थान १९:५-६ | **११** **27** प्रत्येक शनिबार मण्डलीमा आउनुभएका नयाँहरूले ख्रीष्ट प्रभुको सुसमाचार सुनेर ख्रीष्ट येशूलाई प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् । यूहन्ना १:१२ | **१८** **3** विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई मागिदिऔं । २ कोरिन्थी २:१४-१७ | |
| **शनिबार SATURDAY** | **२९** **14** विभिन्न देशहरूमा काम, पढाई तथा अन्य कारणले जानुभएकाहरूको लागि सुरक्षा र सबै कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं । भजनसंग्रह १२१:१-८ | **५** **21** मण्डलीले परमप्रभुमा चढाइने प्रार्थना, भेटी, प्रशंसा सबै उहाँको महिमाको लागि अझै इमान्दारितामा गरिँदै जान सकौं । २ कोरिन्थी ९:६ | **१२** **28** धुम्रपान, मद्यपान, लागुपदार्थ, दुर्व्यसन र विभिन्न बन्धनमा परेकाहरूको छुटकाराको लागि प्रार्थना गरिदिऔं । भजनसंग्रह ६०:११-१२ | **१९** **4** सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाई गरिराख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् । हितोपदेश ११:१ | |



प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं. ४४७४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nim.org.np